कम्पनी दर्ता नं. : ८००/२०५८/५९
नेरा. बैंक ईजाजत नं.: घ/३/२०६२/६३

# छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेड

# CHHIMEK LAGHUBITTA BITTIYA SANSTHA LTD.

(नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको ईजाजतपत्र प्राप्त संस्था)

"ग्रामिण विकासको आधार लघुवित्तको गुणात्मक विस्तार"

च.नं. १४९/०८१/८२

मिति : २०८१/०९/०७

श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड,
सिंहदरवार प्लाजा, काठमाण्डौं ।

**विषय : साधारण सभा तथा शेयरधनी दर्ता किताव बन्द रहने सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस छिमेक लघुवित्त वित्तीय संस्था लि.को मिति २०८१/०९/०६ गते शनिबार विहान ९:०० बजे वसेको सञ्चालक समितिको ३१२औं बैठकले यस वित्तीय संस्थाको २३औं वार्षिक साधारण सभा मिति २०८१ पौष २९ गते (तदनुसार जनवरी १३, २०२५) सोमबारका दिन विहान ११:०० बजे हेटौंडा-४, मकवानपुर स्थित होटल सामनामा गर्ने निर्णय गरेको ब्यहोरा जानकारी गराईन्छ । साथै, उक्त वार्षिक साधारण सभा प्रयोजनका लागि यस वित्तीय संस्थाको शेयरधनी दर्ता किताब देहाय बमोजिम बन्द रहने हुँदा सोही बमोजिम आवश्यक सहयोगको लागि अनुरोध गर्दछौं ।

**<u>शेयरधनी दर्ता किताब बन्द रहने :</u>**

२३औं बार्षिक साधारण सभा तथा लाभांश प्रयोजनका लागि वित्तीय संस्थाको शेयर दाखिल खारेजीको काम **मिति २०८१/०९/१६ गते** बन्द रहनेछ । शेयर दाखिल खारेजी बन्द हुने अघिल्लो कारोवार दिन अगावै अर्थात **मिति २०८१/०९/१४ गतेसम्म** नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा कारोबार भई तोकिएको समयावधि भित्रमा यस वित्तीय संस्थाको शेयर रजिष्ट्रार एनएमबि क्यापिटल लिमिटेड, वालुवाटार, काठमाण्डौमा शेयर नामसारीको लागि प्राप्त विवरणको आधारमा शेयरधनी दर्ता किताबमा कायम रहेका शेयरधनीहरु यस वार्षिक साधारण सभामा भाग लिन तथा लाभांश प्राप्त गर्न योग्य हुने व्यहोरा सर्वसाधारण सबैको जानकारीको लागि सुचित गरिन्छ ।

**बोद्धार्थ :**

१. श्री कम्पनी रजिष्ट्रारको कार्यालय., त्रिपुरेश्वर, काठमाण्डौ ।
२. श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।
३. श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, पुतलिसडक काठमाण्डौ ।
४. श्री एनएमबी क्यापिटल लिमिटेड, बालुवाटार, काठमाण्डौ ।

भवदीय,

दिलिप कुमार श्रेष्ठ
कम्पनी सचिव

सािवक नाम : छिमेक लघुवित्त विकास बैंक लि.
Central Office : Mid Baneshwor, Kathmandu Tel No. 0977-01- 4595513, 4564853, Fax No. 4565785
E-mail : info@chhimekbank.org, website:www.chhimekbank.org

२०८१ पौष ७ गतेको आर्थिक अभियान दैनिकमा प्रकाशित

# छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेड

(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको ईजाजतपत्रप्राप्त संस्था)
केन्द्रीय कार्यालय, काठमाण्डौं-३१, मध्यबानेश्वर
फोनः ०१-४५९५५१३, ४५६४८५३, फ्याक्सः ०१-४५६५७८५ (Email : info@chhimekbank.org.np)

## २३औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

यहि मिति २०८१/०९/०६ गते बसेको सञ्चालक समितिको ३१२औं बैठकको निर्णय अनुसार यस वित्तीय संस्थाको २३औं बार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पुर्ण शेयरधनी महानुभावहरुको उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछु ।

**सभा हुने मिति, समय र स्थान :**

**मिति :** २०८१/०९/२९ गते सोमबार (तदनुसार जनवरी १३, २०२५)
**समय :** बिहान ११.०० बजे ।
**स्थान :** होटल सामना प्रा. लि. को सभाहल, मकवानपुर, हेटौंडा ।

**छलफलका विषयहरू :**

**(क) सामान्य प्रस्ताव**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८१ आषाढ मसान्तको वासलात, मिति २०८०/०४/०१ देखि २०८१/०३/३१ गते सम्मको नाफा नोक्सान हिसाब तथा सोहि अवधिको नगद प्रवाह विवरण र सोसँग सम्बन्धित अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने ।
३. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार लेखा परीक्षण समितिको सिफारिश बमोजिम आर्थिक वर्ष २०८१/८२ का लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने साथै, आर्थिक वर्ष २०८०/८१ को लेखापरिक्षकको पारिश्रमिक संशोधन सम्बन्धमा । (वर्तमान लेखापरीक्षक श्री P.L.R.G. Associates ऐन बमोजिम पुनः नियुक्त हुन सक्नुहुनेछैन ।)
४. सर्वसाधारण शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने २ (दुई) जना सञ्चालकहरुको निर्वाचन गर्ने ।
५. सञ्चालक समितिले सिफारिस गरे बमोजिम आ.व. २०८०/८१ को वितरणयोग्य मुनाफाबाट हाल कायम चुक्ता पूँजी रू.२,९७,७१,७२,१००।- (अक्षरेपी दुई अर्व सन्तानब्बे करोड एकहत्तर लाख बहत्तर हजार एक सय रुपैयाँ मात्र) को ७ प्रतिशतले हुन आउने रकम रू.२०,८४,०२,०४७।- (अक्षरेपी बीस करोड चौरासी लाख दुई हजार सतचालिस मात्र) नगद लाभांश (बोनश शेयरमा लाग्ने कर समेत) वितरण गर्ने प्रस्ताव स्वीकृत गर्ने ।

**(ख) विशेष प्रस्ताव**

१. सञ्चालक समितिबाट सिफारिश भए बमोजिम आ.व.२०८०/८१ को वितरणयोग्य मुनाफाबाट हाल कायम चुक्ता पूँजी रू.२,९७,७१,७२,१००.०० (अक्षरेपी दुई अर्व सन्तानब्बे करोड एकहत्तर लाख बहत्तर हजार एक सय रुपैयाँ मात्र) को ८ प्रतिशतले हुन आउने रकम रू.२३,८१,७३,७६८/- (अक्षरेपी तेईस करोड एकासी लाख त्रिहत्तर हजार सात सय अठसट्ठी मात्र) बराबरको बोनश शेयर जारी गरी वित्तीय संस्थाको जारी तथा चुक्ता पूँजी रू.३,२१,५३,४५,८६८.०० (अक्षरेपी तिन अर्व एक्काईस करोड त्रिपन्न लाख पैंतालिस हजार आठ सय अठसट्ठी रुपैयाँ मात्र) पुर्‍याउने सम्बन्धी प्रस्ताव स्वीकृत गर्ने ।
२. वित्तीय संस्थाले अन्य ईजाजतपत्रप्राप्त "घ" वर्गका एक वा एक भन्दा बढी लघुवित्त वित्तीय संस्थाहरुलाई मर्जर/प्राप्ती (Merger/Acquisition) गर्न उपयुक्त देखिएमा सो सम्बन्धी आवश्यक सम्पूर्ण कार्य अगाडि बढाउन सञ्चालक समिति वा समितिले तोकेको व्यक्तिलाई अधिकार प्रत्यायोजन गर्ने ।
३. वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीका दफा/नियमहरुको संशोधन स्वीकृत गर्ने तथा उक्त प्रस्तावित संशोधनमा नियमनकारी निकायले फेरबदल, परिमार्जन वा संशोधन गर्न सुझाव वा निर्देशन दिएमा सोही अनुरुप आवश्यक फेरबदल, परिमार्जन वा संशोधन गर्न सञ्चालक समितिलाई अधिकार दिने ।

**(ग) विविध**

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

**साधारण सभा सम्बन्धमा अन्य थप जानकारी :**

१. **शेयरधनी दर्ता किताब बन्द रहने :** २३औं बार्षिक साधारण सभा तथा लाभांश प्रयोजनका लागि **मिति २०८१/०९/१६ गते यस वित्तीय संस्थाको शेयर दाखिला खारेज किताब बन्द रहनेछ । शेयर दाखिला खारेजी बन्द हुने अघिल्लो कारोवार दिन अर्थात् मिति २०८१/०९/१४ गते सम्म** नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा कारोबार भई नियमानुसार तोकिएको समयसम्ममा यस वित्तीय संस्थाको शेयर रजिष्ट्रार एनएमबि क्यापिटल लिमिटेड, बालुवाटार, काठमाण्डौमा प्राप्त शेयर नामसारीको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले यस साधारण सभामा भाग लिन तथा लाभांश पाउन योग्य हुने ब्यहोरा सर्वसाधारण सबैको जानकारीको लागि सुचित गरिन्छ ।
२. वार्षिक साधारण सभामा भाग लिन आउने शेयरधनी महानुभावहरुले आफ्नो शेयर प्रमाणपत्र वा डिम्याट खाताको विवरण वा परिचय खुल्ने कुनै आधिकारीक प्रमाणपत्र साथमा लिएर आईदिनुहुन अनुरोध छ । संगठित संस्थाबाट प्रतिनिधित्व गर्ने भएमा संगठित संस्थाको आधिकारीक पत्र पेश गर्नुपर्नेछ ।
३. २३औं वार्षिक साधारण सभाको प्रतिवेदन शेयरधनीहरुको ठेगानामा हुलाक/कुरियर वा अन्य कुनै माध्यमबाट पठाइनेछ । कुनै कारणवस उपरोक्त प्रतिवेदन प्राप्त नगर्नुहुने शेयरधनी महानुभावहरुले यस वित्तीय संस्थाको वेवसाईट (www.chhimekbank.org) मा पनि हेर्न सक्नुहुनेछ । साथै, वित्तीय संस्थाको केन्द्रीय कार्यालय, काठमाण्डौ-३१, मध्यबानेश्वर वा वित्तीय संस्थाको शेयर रजिष्ट्रार एनएमबि क्यापिटल लि., वालुवाटार, काठमाण्डौ र सभा हुने दिन सभा स्थलबाट समेत प्राप्त गर्न सक्नु हुनेछ ।
४. नाबालक शेयरधनीहरुको तर्फबाट संरक्षक (शेयरधनीको दर्ता किताबमा उल्लेखित) ले सभामा भाग लिन, छलफल गर्न, प्रतिनिधि नियुक्ती गर्न र मत दिन समेत सक्नेछन ।
५. सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावहरुले सभाहुने स्थानमा रहेको उपस्थिति पुस्तिकामा दस्तखत गर्नुपर्नेछ । शेयरधनी उपस्थिति पुस्तिका बिहान ९:०० बजेदेखि खुल्ला रहनेछ ।
६. साधारण सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले तोकिएको ढाँचामा वित्तीय संस्थाको शेयरधनीहरुलाई मात्र प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न सक्नेछन् । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको निवेदन सभा शुरु हुनुभन्दा ४८ घण्टा अगावै वित्तीय संस्थाको काठमाण्डौ-३१, मध्यबानेश्वर स्थित केन्द्रीय कार्यालय वा हेटौडा, मकवानपुर स्थित शाखा कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ ।
७. शेयरधनीहरुबाट उठेका प्रश्न, जिज्ञासा वा मन्तव्यहरुको सम्बन्धमा सञ्चालक समितिको तर्फबाट अध्यक्ष वा निजबाट अनुमति प्राप्त व्यक्तिले जवाफ दिन सक्नेछन् ।
८. कुनै शेयरधनी महानुभावहरुलाई वित्तीय संस्था सम्बन्धमा केही जिज्ञासा भए त्यस्तो व्यहोरा लिखित रुपमा सभा हुनु भन्दा कम्तिमा ७ (सात) दिन अगावै वित्तीय संस्थाको केन्द्रीय कार्यालयमा पठाउनु हुन अनुरोध गर्दछौं । तर यसलाई छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन ।
९. निर्वाचन सम्बन्धी कार्यक्रमहरु निर्वाचन अधिकृतले सूचना प्रकाशित गरे बमोजिम हुनेछ । निर्वाचन अधिकृतद्वारा निर्वाचन सम्बन्धी कार्य तालिका वार्षिक साधारण सभाको दिन भन्दा कम्तीमा ७ दिन अगावै वित्तीय संस्थाको सूचना पाटी एवं निर्वाचन अधिकृतको कार्यालयमा प्रकाशित गरिनेछ ।
१०. सर्वसाधारण शेयरधनीको प्रतिनिधित्व गर्ने सञ्चालक पदको निर्वाचनमा उम्मेदवार हुन चाहने मतदाता नामावलीमा नाम दर्ता भएको शेयरधनीले वित्तीय संस्थाको नियमावली बमोजिम कम्तिमा १०० (एक सय) कित्ता साधारण शेयर आफ्नो नाममा लिएको हुनुपर्नेछ । प्रचलित नेपालको कानुन, कम्पनी ऐन, २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, नेपाल राष्ट्र बैंकद्वारा समय समयमा जारी गरिएका निर्देशनहरु तथा वित्तीय संस्थाको सञ्चालक निर्वाचन निर्देशिका, २०७७ बमोजिम अयोग्यता नठहरिएको शेयरधनी उक्त सञ्चालकको उम्मेदवार हुन योग्य हुनेछन ।
११. सञ्चालकको निर्वाचन व्यवस्था गर्न बनेको "सञ्चालक निर्वाचन निर्देशिका, २०७७" वित्तीय संस्थाको केन्द्रीय/शाखा कार्यालय तथा निर्वाचन अधिकृतको कार्यालय, हेटौंडाबाट १ प्रतिको रु.१००।- तिरी उपलब्ध हुनेछ ।
१२ अन्य थप जानकारीका लागि वित्तीय संस्थाको केन्द्रीय कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध छ ।